# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs.  Date: 03.01.2026

## Chief Justice: IPR

सिक्किम उच्च अदालतका नियुक्त मुख्य न्यायाधीश ए मुहम्मद मुस्ताक आज बागडोग्रा विमानस्थलमा आइपुग्नुभयो। बागडोग्रा आइपुगेपछि उहाँलाई सिक्किम उच्च अदालतका रजिस्ट्रार जनरल, कर्मा वाङ्चुक भोटिया, अतिरिक्त महाधिवक्ता, र राज्य सम्पर्क अधिकारी, अतिरिक्त गान्तोकका जिल्लापाल, संयुक्त रजिस्ट्रार, सिक्किम उच्च अदालत, साथै अतिरिक्त सचिव, गृह विभाग, बागडोग्रा एकाइ, सहायक प्रोटोकल अधिकारी, गृह विभाग, सिक्किम सरकारद्वारा भव्य स्वागत गरियो। नियुक्त मुख्य न्यायाधीशको शपथ ग्रहण समारोह जनवरी चार, दुई हजार छब्बीस अर्थात् भोली गान्तोकस्थित लोक भवनको आशीर्वाद हलमा आयोजना हुने तय भएको छ।

## CM- Bodhgaya: CM Page

मुख्यमन्त्री प्रेमसिंह तामाङ बिहारको बोधगयामा सम्पन्न चालिसौँ अन्तर्राष्ट्रिय काग्यु मोनलम चेन्मोमा सहभागी हुनुभयो। उहाँले बारौँ गोश्यार ग्यालत्सब रिन्पोछेको पवित्र उपस्थिति र मार्गदर्शनमा बोधगयाको पवित्र भूमिमा आयोजित यस पवित्र कार्यक्रममा सहभागी हुन पाउनु ठूलो आशिष र आध्यात्मिक रूपमा उत्थानदायी अनुभव रहेको बताउनुभयो। उहाँले भन्नुभयो, विश्वभरका भिक्षु र भक्तहरूको यस सम्मानित भेला वैश्विक शान्ति, करुणा र सद्भावको प्रार्थनाले गुञ्जियो, जसले काग्यु वंशको कालातीत शिक्षालाई सुदृढ पारेको छ। श्री तामाङले मोनलमको समयमा गरिने प्रार्थना र कामनाहरूले मानवताका लागि शान्ति, समृद्धि र कल्याणको सामूहिक आशालाई प्रतिबिम्बित गर्दछ, जुन विश्वभरिका मानिसहरूलाई जोड्ने स्थायी आध्यात्मिक बन्धन हो भन्नुभयो।

## Nepali Sahitya Parishad: Vishnu Neopaney

नेपाली साहित्य परिषद्, सिक्किमको चौधौँ कार्यकारिणी समितिको चुनाउहेतु गठित चुनाव आयोगको बैठक आज प्रमुख आयुक्त पारसमणि दङ्गालको अध्यक्षतामा सम्पन्न भयो । परिषद्को कार्यकारिणी समितिको यस बैठकले लामो छलफलपछि चौधौँ कार्यकारिणी समितिको चुनाव बाइस फरवरी, दुई हजार छब्बीस आइतवारका दिन परिषद् भवनमा सम्पन्न गर्ने निर्णय लियो। चुनाव प्रक्रिया आगामी बाइस जनवरीदेखि सुरु भएर अठाइस फरवरी, दुइ हजार छब्बीसका दिन पूरा हुनेछ। आयोगले निर्णय लिएअनुरूप एकतीस दिसम्बर, दुइ हजार पच्चीस सम्ममा परिषद्को सदस्यता ग्रहण गरिसकेका सदस्यहरूले मात्र चुनाउ प्रक्रियामा भाग लिन पाउनेछन्।

## Trishakti Corps: Desk

भारतीय सेनाले त्रिशक्ति कोर्प्सको नेतृत्वमा, उत्तरी सिक्किमको भारत-चीन सीमा नजिकै लगभग पन्ध्र हजार फिटको उचाइमा अवस्थित मुगुथाङ गाउँमा दस किलोवाटको सौर्य ऊर्जा प्लान्ट स्थापना गरेको छ। यो पहल भारत सरकारको जीवन्त गाउँ कार्यक्रमको उद्देश्यसँग मेल खानुका साथै दुर्गम सीमावर्ती क्षेत्रहरूमा जीवनको गुणस्तर सुधार गर्ने लक्ष्य राखेको छ। सौर्य ऊर्जा प्लान्टले गाउँका सबै घर-परिवारलाई भरपर्दो बिजुली प्रदान गरेको छ, जसले गर्दा वर्षभरि बसोबास गर्न सक्षम बनाएको, रातको समयमा सुरक्षा सुधार गरेको, कनेक्टिभिटी बढाएको र कडा जाडो महिनाहरूमा मौसमी बसाइँ सराइको आवश्यकतालाई हटाएको छ।

## Sikkim-Khelo India: Sagar Chettri

सिक्किमकी प्रेरणा बिष्ट जनवरी पाँच देखि एघार सम्म दीउको घोखला समुद्र तटमा आयोजना हुने दोस्रो खेलो इन्डिया बीच खेल दुई हजार छब्बीस –को लागि छनौट हुनुभएको छ। उहाँले यस च्याम्पियनशिपमा पचपन्न किलोग्राम सिनियर महिला वर्गमा टान्डिङ इभेन्टमा सिक्किमको प्रतिनिधित्व गर्नुहुनेछ। गत वर्ष लखनऊमा आयोजित तेरौं सिनियर राष्ट्रिय पेनकाक सिलाट च्याम्पियनशिप दुई हजार पच्चीसमा उहाँको प्रदर्शनको आधारमा उहाँ यस प्रतिष्ठित राष्ट्रिय स्तरको च्याम्पियनशिपमा छनौट हुनुभएको हो।

Mangan DC: Wangchuk Bhutia

मंगन जिल्लापाल कार्यालयले तुङ-नागा सडक खण्ड सवारी साधनकोलागि खुला गरिएको जानकारी गराएको छ। जारी गरेको सार्वजनिक सूचना अनुसार, चुङथाङतर्फको आवागमनको लागि उक्त खण्डमा बीस टनसम्मको अधिकतम भार क्षमतासम्मका सबै वर्गका सवारी साधनहरू चलाउन अनुमति दिइएको छ। रिचुमा रहेको बेली ब्रिजको भार वहन सीमालाई ध्यानमा राख्दै भार प्रतिबन्ध लगाइएको छ। यात्रुहरू र ढुवानीकर्ताहरूको लागि अतिरिक्त मार्ग प्रदान गर्दै, सांखलाङ-साफो-शिपायर हुँदै चुङथाङ जाने वैकल्पिक सडक सबै वर्गका सवारी साधनहरूको लागि खुला रहेको पनि थप जानकारी दिइएको छ।

Boxing championship: Sagar Chhetri

पश्चिम सिक्किमको दरमदिन निर्वाचन क्षेत्र अन्तर्गत रुम्बुकले जनवरी १६ देखि उन्नाइस सम्म रुम्बुक माध्यमिक विद्यालयको खेल मैदानमा राज्यस्तरीय बीसौं सब जुनियर ठिटा-ठिटी, र एक्काइसौं युवा पुरुष-महिला बक्सिङ च्याम्पियनशिप दुई हजार छब्बीस आयोजना गर्ने तयारी गरेको छ। च्याम्पियनशिपमा जुनियर ठिटा-ठिटी र युवा पुरुष-महिलाहरूको लागि चार दिने राज्यस्तरीय च्याम्पियनशिपमा सबै छ जिल्लाका मुक्केबाजहरूले भाग लिनेछन्।

Weather: Meteorological department

राज्यका विभिन्न स्थानहरूमा आज हिमपात भएको कारण अचानक जाडो बढेको छ।